## नमुना प्रश्नको उत्तरकुञ्जिका (२०८१)

**कक्षा : १०**

**विषय : नेपाली** **समय : ३ घण्टा**

**प्रस्तुत परीक्षण कुञ्जिका उत्तरपुस्तिका परीक्षणका लागि मार्ग निर्देशन मात्र हो । उत्तरपुस्तिका परीक्षणका लागि कुञ्जिका मूल आधार भए पनि परीक्षकबाट विद्यार्थीको उत्तरको स्तर र मौलिकतालाई आधार मानी विवेकसमेत पुऱ्याई अङ्क प्रदान गर्न सकिने छ ।**

*१. समूह 'क' मा दिइएका शब्दको अर्थ समूह 'ख' बाट पहिचान गरी जोडा मिलाउनुहोस् : (२ अङ्क)*

**दिइएका शब्दको सही जोडा मिलाएमा प्रतिशब्द ०.५ का दरले २ अङ्क प्रदान गरिने :**

| **समूह 'क'** | **समूह 'ख'** |
|---|---|
| द्वेष | डाह |
| पावन | पवित्र पार्ने |
| अनौ | हलोको हातो वा मुठ |
| प्रोट्रेट | मुहार चित्र |

*२. दिइएको अनुच्छेदबाट उपयुक्त शब्द पहिचान गरी खाली ठाउँ भर्नुहोस् : (२ अङ्क)*

*प्रत्येक व्यक्तिमा प्रगतिको रहर हुन्छ । त्यो रहर पूरा गर्न प्रशस्त मिहिनेत गर्दै आफ्नो लक्ष्यमा लाग्नुपर्छ । अरूले कर गरेकै भरमा काम गर्न खोज्दा राम्रो परिणाम आउँदैन । यही कारण स्वनिर्देशित र दूरदर्शी व्यक्तिले दशक लाग्ने काम पनि तत्कालै सम्पन्न गर्न सक्छन् ।*

**कोष्ठकमा दिइएका शब्दमध्ये मिल्ने शब्द छानेर खाली ठाउँ भरी पूरा गरिएको शुद्ध वाक्यलाई ०.५ का दरले २ अङ्क प्रदान गरिने ।**

(क) 'विकास' को पर्यायवाची शब्द **प्रगति** हो ।

(ख) 'थोरै'को विपरीतार्थी शब्द **प्रशस्त** हो ।

(ग) 'रहर' **अनेकार्थी** शब्द हो ।

(घ) सिङ्गो शब्द.**दशक** हो । (दूरदर्शी पनि हो )

*३. दिइएको अनुच्छेदबाट एउटा उखान र एउटा अनुकरण शब्द पहिचान गरी तिनलाई अनुच्छेदको भन्दा फरक वाक्यमा प्रयोग गर्नुहोस् : (२ अङ्क)*

*रामलखन फटाफट घरतिर जाँदै थियो । अलि पर बाटोमा धेरै मान्छेको भिड देख्यो । नजाने गाउँको बाटै नसोध्नु भनेझैं ऊ सरासर घरतिर लाग्यो । घर पुग्दा आँखाको स्वास्थ्य शिविर राख्ने सल्लाह गर्न स्वास्थ्य चौकीबाट डाक्टरको टोली आएको देखेपछि उसलाई ढुङ्गा खोज्दा देउता मिलेझैं भयो । त्यही समय सबै ल्याब टेस्ट गरी मोतीबिन्दुको शल्यक्रिया गर्ने निर्णयमा ऊ पुग्यो ।*

दिइएको अनुच्छेदबाट ***नजाने गाउँको बाटै नसोध्नु*** वा ***ढुङ्गा खोज्दा देउता मिल्नु*** उखान र ***फटाफट*** वा ***सरासर*** मध्ये कुनै एक अनुकरणात्मक शब्द पहिचान गरेर अर्थ स्पष्ट हुने गरी वाक्यमा प्रयोग गरेको भए र वाक्यको बनोट र शुद्धता विचार गरी शुद्ध वाक्यका लागि एक अङ्कका दरले जम्मा २ अङ्क प्रदान गरिने ।

*४. (क) दिइएका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् : (१ अङ्क)*

*(क) (अ) विदुषी (आ) बिदुषि (इ) विदुसी (ई) विदुशी*

*(ख) (अ) कायर्क्रम (आ) कार्‌यक्रम (इ) कार्यकृम (ई) कार्यक्रम*

**सही शुद्ध शब्द चिनेर लेखेको अवस्थामा प्रति शुद्ध शब्द ०.५ का दरले १ अङ्क दिइने ।**

(क) (अ) विदुषी

(ख) (ई) कार्यक्रम

*(ख) दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् : (२ अङ्क)*

*एक जना साथिले हाँसैहाँसोमा पिकासोलाई भने छन्, आफ्नो घरका भित्तामा आफ्ना चित्र किन नराखेको नी, के तिमीलाई आफ्ना चित्र मन पर्दैनन् ?*

**प्रति अशुद्धि सच्याएबापत ०.५ का दरले २ अङ्क प्रदान गरिने ।**

एक जना सा**थी**ले हाँसैहाँसोमा पिकासोलाई **भनेछन्**, “आफ्नो घरका भित्तामा आफ्ना चित्र किन नराखेको **नि**, के तिमीलाई आफ्ना चित्र मन पर्दैनन् ?”

*५. दिइएको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको शब्दवर्ग पहिचान गर्नुहोस् : (३ अङ्क)*

*हिजोआज धेरै मानिस हिँड्न मन पराउँछन् । उनीहरू सूर्योदय नहुँदै धेरै हिँड्छन् । धेरैमा स्वास्थ्यप्रति सचेतना बढेको छ ।*

**रेखाङ्कित शब्दको शब्दवर्ग छुट्याई शुद्धसँग लेखेमा प्रत्येकको ०.५ अङ्कका दरले ३ अङ्क प्रदान गरिने।**

| | |
|---|---|
| धेरै | विशेषण |
| पराउँछन् | क्रियापद |
| उनीहरू | सर्वनाम |
| धेरै | क्रियाविशेषण |
| स्वास्थ्यप्रति | नामयोगी |
| सचेतना | नाम |

*६. दिइएका प्रश्नको उत्तर दिनुहोस् : (२+२=४ अङ्क)*

*(क) दिइएको अनुच्छेदबाट दुईओटा उपसर्ग र दुईओटा प्रत्यय लागेर बनेका शब्द पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :*

*असल र सबल विद्यार्थी पनि घोकन्ते शिक्षामा विश्वास गर्छन् । घोकेन्ते विद्या लिएर त्यसलाई सैद्धान्तिक तरिकाले बोध गर्नुभन्दा व्यावहारिक बनाउनु उपयुक्त हुन्छ । यही प्रकृतिको शिक्षानै टिकाउ हुन्छ ।*

**अनुच्छेदबाट दिइएका जस्तै उपसर्ग र प्रत्यय लागेर बनेका दुई दुई शब्द चिनेर बनोटसमेत देखाई शुद्धसँग लेखेको अवस्थामा प्रतिशब्द ०.५ का दरले २ अङ्क प्रदान गरिने । उपसर्ग लागेका र प्रत्यय लागेका भनेर तोकेको भने हुनुपर्ने ।**

**उपसर्ग लागेका शब्द (कुनै दुई शब्द र तिनको बनोट देखाएको हुनुपर्ने)**

उपयुक्त : उप + युक्त

प्रकृति : प्र + कृति

सबल : स + बल

**प्रत्यय लागेका शब्द (कुनै दुई शब्द र तिनको बनोट देखाएको हुनुपर्ने) :**

घोकन्ते : घोक् + अन्ते

सैद्धान्तिक : सिद्धान्त + इक

व्यावहारिक : व्यवहार + इक

टिकाउ : टिक् + आउ (शिक्षा, लिएर, गर्नु, बनाउनु आदि)

*(ख) दिइएको अनुच्छेदबाट एउटा समस्त शब्द पहिचान गरी विग्रह गर्नुहोस्, एउटा विग्रह पदावली पहिचान गरी समस्त शब्द बनाउनुहोस् र द्वित्व भएर बनेका दुईओटा शब्द पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :*

*कतिपय मान्छे ससाना काममा पनि शक्तिले भ्याएसम्म कुनै दोधार नभई अरूको पछि लाग्दछन् । उनीहरू आफ्ना इज्जत र प्रतिष्ठा मतलब नगरी बेकम्मा प्रवृत्ति देखाउँछन् । जो जो व्यक्तिमा यस्ता प्रवृत्ति हुन्छन्, ती ती व्यक्तिले आजन्म सफलता प्राप्त गर्न सक्दैनन् ।*

**अनुच्छेदबाट एउटा समस्त शब्द खोजी विग्रह गरेको र एउटा विग्रहित शब्द पहिचान गरी समस्त शब्द बनाएमा प्रतिशब्द ०.५ का दरले १ अङ्क र द्वित्व भएर बनेका दुईओटा शब्द पहिचान गरी निर्माण प्रक्रिया देखाएमा शुद्धतालाई समेत ध्यान दिई प्रतिशब्द ०.५ का दरले १ अङ्क प्रदान गरिने ।**

**समस्त शब्द (कुनै एक) :**

दोधार : दुई धारको समूह

बेकम्मा : जो कामबिनाको छ

आजन्म : जीवन रहेसम्म

**विग्रहित अवस्थाको शब्द : (कुनै एक)**

शक्तिले भ्याएसम्म : यथाशक्ति

इज्जत र प्रतिष्ठा : इज्जत प्रतिष्ठा

**द्वित्व भएर बनेका शब्द (कुनै दुई) :**

ससाना : साना + साना

जो जो : जो + जो

ती ती : ती + ती

७. *दिइएको अनुच्छेदलाई अज्ञात पक्षमा परिवर्तन गर्नुहोस् :* *(२ अङ्क)*

*भाषिका कोइराला विद्यावारिधि गर्दैछिन् । उनले विदेशी संस्थाबाट सहयोग पाएकी छन् । उनले नेपाल र भारतलाई अध्ययन क्षेत्र बनाइन् । उनको पढाइ असाध्यै राम्रो छ ।*

**दिइएका वाक्यलाई निर्देशन गरेबमोजिम परिवर्तन गरेको अवस्थामा प्रतिवाक्य ०.५ का दरले २ अङ्क प्रदान गरिने :**

भाषिका कोइराला विद्यावारिधि गर्दै रहिछन् । उनले विदेशी संस्थाबाट सहयोग पाइछन् । उनले नेपाल र भारतलाई अध्ययन क्षेत्र बनाइछन् । उनको पढाइ असाध्यै राम्रो रहेछ ।

८. *कुनै एक प्रश्नको उत्तर दिनुहोस् :* *(२ अङ्क)*

*(क) सङ्केतार्थ भावको प्रयोग गरी 'देश निर्माण' शीर्षकमा एउटा अनुच्छेद तयार गर्नुहोस् ।*

**सङ्केतार्थ भावको प्रयोग गरी देश निर्माणका बारेमा चार वाक्यमा वर्णन गरेमा वर्णविन्यास तथा वाक्य गठनको अवस्था हेरेर प्रतिवाक्य ०.५ का दरले २ अङ्क प्रदान गरिने ।**

*(ख) दिइएका बहुवचन वाक्यलाई एकवचनमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :*

*हामीहरू वनभोज कार्यक्रम आयोजना गरेका थियौँ । हामीले बसलाई आआफ्नो घरमा बोलाएका थियौँ । त्यहाँ पुग्दा बिहानको दश बजिसकेको थियो । हामीहरू बेसरी नाच्यौँ । साँझसम्म रमाइलो गर्‍यौँ ।*

**बहुवचन कर्ता (हामी) लाई एकवचन (म) मा परिवर्तन गरी अनुच्छेद पुनर्लेखन गरेको भए वर्णविन्यास तथा वाक्य गठनको अवस्था हेरेर प्रतिवाक्य ०.५ का दरले २ अङ्क प्रदान गरिने ।**

मैले वनभोज कार्यक्रम आयोजना गरेको थिएँ । मैले बसलाई आआफ्नो घरमा बोलाएको थिएँ । त्यहाँ पुग्दा बिहानको दश बजिसकेको थियो । म बेसरी नाचेँ । साँझसम्म रमाइलो गरेँ ।

९. *कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्यपरिवर्तन गर्नुहोस् :* *(४ अङ्क)*

*(क) हरि मामा जान्छ । त्यहाँ उसले साथीलाई पनि भेट्छ । बिहानै गाडी चढेर फर्कन्छ (वाक्य संश्लेषण)*

*(ख) तिमी मलाई कस्तो देख्छौ ? (कर्मवाच्य)*

*(ग) श्रीवाणि मिठो गीत गाउने छिन् । (प्रेरणार्थक)*

*(घ)	आमाले भन्नुभयो, "बाबु, आज दिनभरि घरमै बस है ।" (अप्रत्यक्ष कथन)*

**कोष्ठकमा दिइएका सङ्केतका सहायताले वाक्य परिवर्तन गरिएका शुद्ध वाक्यलाई १ अङ्कका दरले ४ अङ्क प्रदान गरिने ।**

**उत्तर**

(क)	मामाघर गएको हरि साथीलाई भेटेर बिहानै गाडी चढेर फर्कन्छ ।

(ख)	तिमीद्वारा म कस्तो देखिन्छु ।

(ग)	बुबाले श्रीवाणिलाई मिठो गीत गाउन लगाउनुहुने छ ।

(घ)	आमाले बाबुलाई आज दिनभरि घरमै बस्न अह्राउनु भयो ।

*१०.	दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :	(४ अङ्क)*

*एक रात तिनी खाइपिई सुत्ने यत्न गरिरहेका थिए । तिनका मनमा धेरै धेरै प्रकारको विचार आउन थाल्यो । तिनको जीवन कसैले असफल भन्न सक्तैन । सानोतिनो पुँजी पनि कमाइ हालेका थिए रुपियाँ जम्मा गर्दा अरूहरूले गरे जस्तो रैतीहरूलाई पिर पनि पारेनन् । तिनको कोही बैरी थिएन, यही तिनको सन्तोषको ठुलो कारण थियो । ४५ वर्षको यत्रो लामो जीवनमा तिनले कसैलाई आफ्नो शत्रु बनाएनन् । यस कल्पनाले तिनको तन्द्राको सुख बढाइरहेको वेलामा तिनीमाथि लट्ठीको प्रहार पऱ्यो । संयोगवश लट्ठीको मुख्य चोट तिनीमाथि परेन । प्रहारकर्ताले तिनीमाथि प्रहार गरेको हो कि भित्तामाथि - यो छुट्ट्याउन गाह्रो थियो ।*

*प्रश्नहरू*

*(क)	'संयोगवश लट्ठीको मुख्य चोट तिनीमाथि परेन ।' यस वाक्यलाई करणमा बदल्नुहोस् ।*

*(ख)	रेखाङ्कित 'रैतीहरूलाई' शब्दको कारक र विभक्तिको नाम लेख्नुहोस् ।*

*(ग)	'तिनको कोही बैरी थिएन' यस वाक्यलाई आलङ्कारिक पदक्रममा परिवर्तन गर्नुहोस् ।*

*(घ)	'तिनका मनमा धेरै धेरै प्रकारको विचार आउन थाल्यो । तिनको जीवन कसैले असफल भन्न सक्तैन ।' यस वाक्यलाई संयुक्त वाक्यमा परिवर्तन गर्नुहोस् ।*

**अनुच्छेद अध्ययन गरेर भाषिक संरचनासम्बन्धी सोधिएका प्रश्नको सही उत्तर दिएमा एउटा उत्तरको १ अङ्कका दरले ४ अङ्क प्रदान गरिने ।**

**नमुना उत्तर**

(क)	संयोगवश लट्ठीको मुख्य चोट तिनीमाथि पऱ्यो ।

(ख)	**रैतीहरूलाई** :  कर्म कारक र द्वितीया विभक्ति ।

(ग)	'बैरी थिएन तिनको कोही' । (यस्तै प्रकृतिका अन्य पनि बनाउन सकिने)

(घ)	संयुक्त वाक्य : तिनका मनमा धेरै धेरै प्रकारको विचार आउन थाल्यो तथापि तिनको जीवन कसैले असफल भन्न सक्तैन ।

११. *दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :* (४ अङ्क)

*विदेशी विनिमय सञ्चिति बढाउन आयात नियन्त्रण तथा बाह्य क्षेत्रबाट विदेशी मुद्रा आप्रवाह बढाउन एकसाथ पहल भएको छ। त्यसका लागि अर्थ मन्त्रालयले पहल गरेको हो। अर्थमन्त्रीले आइतबार विदेशमा रहेका नागरिकबाट जतिसक्दो धेरै रेमिट्यान्स भित्र्याउन र नेपाल घुम्न जानुपर्ने विषयमा प्रवर्द्धनात्मक कार्यक्रम गरी विदेशी पर्यटकको सङ्ख्या बढाउनका लागि पहलकदमी लिन विदेशस्थित नियोग प्रमुखलाई निर्देशन दिनुभएको छ। आयात वृद्धिका कारण विदेशी विनिमय सञ्चितिमा परेको चापलाई ध्यानमा राखी सरकारले केही वस्तुको आयात रोक्ने व्यवस्था गर्न नेपाल राष्ट्र बैङ्कलाई पत्र पठाएको थियो। आयात बढ्दा विदेशी विनिमय सञ्चिति कम भई त्यसले अर्थतन्त्रमा नकारात्मक असर पर्न सक्ने भएकाले सरकार विदेशी मुद्रा बढाउनुपर्ने र भुक्तानी सन्तुलन सकारात्मक बनाउनुपर्ने दबाब छ। हाल आएर विप्रेषणमा केही सुधार भएको छ। आइतबार नै नेपाल बैङ्कर्स सङ्घले अत्यावश्यकबाहेकका विलासिताका वस्तुको आयातका लागि प्रतितपत्र (एलसी) नखोल्ने निर्णय गरेको छ।*

*प्रश्नहरू*

(क) *कुन कामका लागि पहलकदमी गरिएको छ ?*

(ख) *अर्थमन्त्रीको निर्देशले कुन कुरालाई जोड दिएको छ ?*

(ग) *अर्थतन्त्रमा नकारात्मक असर पर्नुको कारण के हो ?*

(घ) *नेपालमा अर्थतन्त्रको सुधार कसरी होला, प्रतिक्रिया दिनुहोस् ।*

**अनुच्छेदबाट सोधिएका प्रश्नको मूल्याङ्कन गर्दा दिइएको अनुच्छेदमै आधारित भई प्रश्नअनुसार सही उत्तर लेखेको भए प्रत्येक सही उत्तरका लागि १ अङ्कका दरले जम्मा ४ अङ्क प्रदान गरिने, उत्तरको वाक्य गठन, भाषिक शुद्धता र वर्णविन्यास नमिलेको भए केही (०.५-१ अङ्कसम्म) घटाइने ।**

१२. *कुनै एक प्रश्नको उत्तर दिनुहोस् :* (४ अङ्क)

(क) *दिइएका बुँदाका आधारमा जीवनी तयार पारी शीर्षकसमेत लेख्नुहोस् :*

*खास नाम : चेतनमान सिंह भण्डारी*

*साहित्यिक नाम : मनु ब्राजाकी*

*जन्म : वि.सं. १९९९*

*जन्मस्थान : औरही, महोत्तरी*

*पहिलो रचना : भऱ्याङ (२०१९) शीर्षकको कथा*

*व्यक्तित्व : कथाकार, गजलकार र गीतकार*

*सम्मान तथा पुरस्कार : मैनाली कथा पुरस्कार (२०३९), साझा पुरस्कार (२०४६), गङ्गालक्ष्मी पुरस्कार( २०४७)*

*कथागत प्रवृत्ति : सामाजिक यथार्थवादी, स्थानीय परिवेशको वर्णन, आञ्चलिकता, वर्गीय दृष्टिकोण, समाजको विकृति विसङ्गतिको वर्णन र परिमार्जित भाषाशैलीको प्रयोग ।*

जीवनी लेखन

जीवनी लेखनको मूल्याङ्कनका लागि निम्नलिखित पक्षमा ध्यान दिइने :

(अ) विषयवस्तुको आदि, मध्य र अन्त्यको क्रमिक संयोजन र शीर्षक - १ अङ्क

(आ) विषयवस्तुको मौलिक प्रस्तुतीकरण शैली र वाक्य गठन - २ अङ्क

(इ) भाषिक शुद्धता (वर्णविन्यास, लेख्य चिह्न तथा पदसङ्गति आदि) - १ अङ्क

*(ख) पठन संस्कृतिका बारेमा दुई साथीबिच भएको संवाद तयार गर्नुहोस् ।*

संवाद लेखन

संवाद लेखनको मूल्याङ्कनका लागि निम्नलिखित पक्षमा ध्यान दिइने :

(अ) पृष्ठभूमि, सन्दर्भ एवम् विषय प्रवेश - १ अङ्क

(आ) दोहारो सञ्चारसहित विषयवस्तुको उपयुक्त प्रस्तुति - २ अङ्क

(इ) वाक्य गठन एवम् भाषिक शुद्धता - १ अङ्क

*१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : (४ अङ्क)*

*(क) खेलकुद क्षेत्रमा सम्मानजनक लगानी गर्न अनुरोध गर्दै सम्पादकलाई चिठी लेख्नुहोस् ।*

सम्पादकलाई चिठी

सम्पादकलाई चिठी लेखनको मूल्याङ्कनका लागि निम्नलिखित पक्षमा ध्यान दिइने :

(अ) सम्बोधन, मिति, विषयसहित चिठीको आरम्भ, नाम, ठेगाना - १ अङ्क

(आ) चिठीको मध्यभागमा सम्बन्धित विषयवस्तुको संयोजन र पुस्ट्याइँ - २ अङ्क

(इ) वाक्य गठन तथा भाषिक शुद्धता (वर्णविन्यास, लेख्य चिह्न तथा पदसङ्गति आदि) - १ अङ्क

*(ख) अर्गानिक तरकारीको बिक्रीवितरणका लागि उपयुक्त हुने विज्ञापन तयार गर्नुहोस् ।*

विज्ञापन लेखन

विज्ञापन लेखनको मूल्याङ्कनका लागि निम्नलिखित पक्षमा ध्यान दिइने :

(अ) शीर्षक र प्रारम्भसहित आदि भागको संयोजन - १ अङ्क

(आ) आवश्यक सम्पूर्ण सूचना र त्यसको उपयुक्त प्रस्तुति - २ अङ्क

(इ) वाक्य गठन तथा भाषिक शुद्धता (वर्णविन्यास, लेख्य चिह्न तथा पदसङ्गति आदि) - १ अङ्क

*१४. दिइएको अनुच्छेदबाट चारओटा बुँदा टिप्नुहोस् : (२ अङ्क)*

*उनको चित्रकलामा घनवादको सशक्त प्रयोग भएको पाइन्छ । घनवादको प्रयोग भएको यस काललाई निग्रो काल पनि भनिन्छ । घनवादी कलाकृतिमा वस्तुलाई विश्लेषण गरिन्छ, टुक्रा टुक्रा पारिन्छ । ती टुक्रालाई अमूर्त रूपमा पुनः संयोजन र संश्लेषण गरिन्छ । यसमा कलाकारले वस्तुलाई एउटै दृष्टिकोणबाट चित्रण नगरी बृहत्तर सन्दर्भमा प्रतिनिधित्व गर्न धेरै दृष्टिकोणबाट विषयलाई चित्रण गर्छन् । यसरी मूर्त वस्तुलाई भाँच्ने, टुक्र्याउने अनि जोडेर फेरि वस्तु र विषयलाई व्यापक अर्थमा र अमूर्त रूपमा प्रयुक्त गर्ने यही वाद नै घनवादी कलाका रूपमा चिनिन्छ । यसरी जुनसुकै कालमा लेखिएका भए पनि उनका हजारौँ चित्रकला र मूर्तिकला आज पनि जीवन्त छन् ।*

दिइएको गद्यांशका मुख्य मुख्य कुरा समेटी लेखिएका चारओटा बुँदाका लागि प्रतिबुँदा ०.५ का दरले २ ( दुई) अङ्क प्रदान गरिने, सामान्य भाषिक त्रुटिलाई ०.५ अङ्कसम्म घटाउन सकिने ।

*१५. दिइएको अनुच्छेदबाट एक तृतीयांशमा सारांश लेख्नुहोस् : (पाठबाट) (३ अङ्क)*

*एलोप्याथिक उपचार पद्धति हाल सर्वाधिक र लोकप्रिय चिकित्सा पद्धति मानिन्छ । यसलाई आधुनिक चिकित्सा विज्ञानको पर्यायका रूपमा समेत हेरिएको पाइन्छ । होमियोप्याथी चाहिँ वैकल्पिक चिकित्सा पद्धतिका रूपमा प्रचलित छ । होमियोप्याथीमा रोग निको पार्नका लागि सुरुमा रोग बढाउने खुराक दिइन्छ र क्रमशः निको पारिन्छ भने एलोप्याथीमा रोग निको पार्नका लागि सुरुमै रोग घटाउने औषधी दिइन्छ । एलोप्याथी र आयुर्वेद दुवै चिकित्सा शास्त्र हुन् तर व्यावहारिक रूपमा चिकित्साको पूर्वीय वैदिक र प्राचीन चिकित्सा पद्धतिलाई आयुर्वेद चिकित्सा भनिन्छ भने एलोपैथिक प्रणाली वा पाश्चात्य आधुनिक चिकित्सा प्रणालीलाई चिकित्सा पद्धति भन्ने बुझिन्छ । आम रूपमा र प्रचलित भाषामा डाक्टरी उपचारका नाममले चिनिने चिकित्सा पद्धति आधुनिक चिकित्सा पद्धति वा एलोप्याथिक पद्धति हो ।*

दिइएको गद्यांशको मूलभाव समेटी लेखिएको सारांशलाई शुद्धता र वाक्य गठनसमेत विचार गरी ३ अङ्क प्रदान गरिने, सामान्य भाषिक त्रुटिलाई ०.५ अङ्कसम्म घटाउन सकिने ।

*१६. दिइएका प्रश्नको उत्तर दिनुहोस् : (४+४=८ अङ्क)*

*(क) दिइएको कविताांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :*

*.*

*यो, मेरो देशको सुदूर पूर्वको गाउँ !*

*यो, मेरो देशको सुदूर पश्चिमको गाउँ ।*

*छिमेकी अगेनाबाट आगो ओसारेर सुरु हुने यहाँको दिन*

*गोठमा, बस्तुभाउलाई घाँसपात हालेर केटाकेटी हुन्छ*

*खेतमा, गोरु नारेर तन्नेरी हुन्छ*

*र बेग्लाबेग्लै मान्छेका ओठहरू भएर*

*दिनभरि फलाकिरहन्छ*

*दिनभरि हतारिरहन्छ-*

*प्रश्नहरू*

*(क) गाउँका मानिसहरूले कस्तो पेसा व्यवसाय अपनाएका छन् ?*

*(ख) कवितांशमा केटाकेटी र तन्नेरीले के के काम गर्ने उल्लेख छ ?*

सन्दर्भका रूपमा दिइएको कवितांश अध्ययन गरी दिइएका प्रश्नको ३/४ वाक्यसम्ममा सही उत्तर लेखेको भए प्रत्येक प्रश्नको सही उत्तरका लागि २/२ अङ्कका दरले ४ अङ्क प्रदान गरिने, उत्तरको वाक्य गठन, भाषिक शुद्धता र वर्णविन्यास नमिलेको भए ०.५/०.५ अङ्कसम्म घटाउन सकिने ।

*(ख) दिइएको निबन्धको अंश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :*

*मलाई मेरो देशको शिक्षामा सर्वसुलभ रूपमा सूचना प्रविधिको पहुँच पुगोस् भन्ने लाग्छ । मेरो देशमा विज्ञान र प्रविधियुक्त शिक्षाको थप खाँचो छ । विज्ञान र प्रविधियुक्त शिक्षा नपुगेको गाउँ ठाउँमा त्यसको पहुँच सर्वसुलभ हुनु जरुरी छ । आजको युग सूचना र प्रविधिको युग हो । शिक्षामा सूचना र प्रविधिले युगान्तकारी परिवर्तन ल्याइदिएको छ । ती परिवर्तनलाई आत्मसात् गर्न सक्ने गरी नागरिक उत्पादनमा जोड दिने शिक्षाको खाँचो छ ।*

*प्रश्नहरू*

*(अ) आजको युगलाई किन सूचना र प्रविधिको युग भनिएको हो ?*

*(आ) सूचना प्रविधिले ल्याएका परिवर्तनलाई व्यवहारमा लागु गर्न नागरिकको भूमिका कस्तो हुनुपर्छ ?*

सन्दर्भका रूपमा दिइएको निबन्धांश अध्ययन गरी सोधिएका प्रश्नको ३/४ वाक्यमा सही उत्तर लेखेको भए प्रत्येक प्रश्नको सही उत्तरका लागि २/२ अङ्कका दरले ४ अङ्क प्रदान गरिने, उत्तरको वाक्य गठन, भाषिक शुद्धता र वर्णविन्यास नमिलेको भए ०.५/०.५ अङ्कसम्म घटाउन सकिने ।

*१७. राजेन्द्रलक्ष्मी र बहादुर शाहको संवादमा तपाईं मध्यस्थताको भूमिकामा रहनुभएको भए, कसरी समाधान गर्नुहुन्थ्यो तर्क दिनुहोस् । (४ अङ्क)*

यस प्रश्नको उत्तर मूल्याङ्कनका लागि निम्नलिखित पक्षमा ध्यान दिइने :

(क) पाठगत सन्दर्भ र विषयवस्तु बोध - १ अङ्क

(ख) सिर्जनशीलता, कल्पनाशीलता तथा विषयवस्तुको तार्किक पुस्ट्याइँ - २ अङ्क

(ग) वाक्य गठन तथा भाषिक शुद्धता (वर्णविन्यास, लेख्य चिह्न तथा पदसङ्गति आदि) - १ अङ्क

*१८. कुनै एक उद्धरणको व्याख्या गर्नुहोस् : (४ अङ्क)*

*(क) जसका कर्मले बन्छन् जिन्दगी हँसिला सुखी*
*अरूको लिनुमा भन्दा दिनुमा बन्छ जो खुसी ।*

*(ख) कुकुर अज्ञानी पशु हुनाले बोलाएपछि मात्र जान्छ, मानिस चाहिँ ज्ञानवान् हुनाले बखतमौका विचार गरेर आफैँ पनि जानुपर्छ ।*

यस प्रश्नको उत्तर मूल्याङ्कनका लागि निम्नलिखित पक्षमा ध्यान दिइने :

(क) विषयवस्तु बोध र मौलिकता - १ अङ्क

(ख) अर्थ विस्तार, पाठको विषयवस्तुसँग व्याख्येय अंशको तालमेल तथा निष्कर्ष - २ अङ्क

(ग) वाक्य गठन तथा भाषिक शुद्धता (वर्णविन्यास, लेख्य चिह्न तथा पदसङ्गति) - १ अङ्क

*१९. कुनै एक प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् : (७ अङ्क)*

*(क) दिइएको कथांश पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस् :*

*कमल मेरो अमूल्य रत्न थियो । जो मैले हेर्दा हेर्दै जस्तै विलीन भएर गयो, सपना जस्तो । एक झमक निदाएर बिउँझदा मसँग कमल थिएन । उसको यादले मेरो छाती गह्रुङ्गो भएर आयो । त्यो दिन मेरो जीवनको सबैभन्दा भयानक दिन थियो । त्यो आँधिबेहरी र हुरी जस्तो समय । अचानक कताबाट चल्यो । मेरो सुन्दर संसार तहसनहस पाऱ्यो । कमल अफिसबाट फर्कँदाको भएको त्यो बाइक दुर्घटना । उफ ! ऊसँग मैले छोटो समय व्यतीत गरेँ । छोटो समयमै गहिरो माया दिएर ऊ गयो । कमलको अनुपस्थितिले दिएको छटपटी असह्य थियो ।*

*प्रश्न*

*(अ) 'आयाम' कथाले पीडा, सङ्घर्ष र विवाहलाई याङ्जीको जीवनसँग जोडेर कसरी प्रस्तुत गरेको छ, उल्लेख गर्नुहोस् । ।*

*(ख) दिइएको जीवनीको अंश पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस् :*

*देवकोटाले जे लेखे र जुन जुन जिम्मेवारी पाए, प्रायः ती सबैमा उनले राष्ट्रको हितमा काम गरेर आफ्नो अब्बलता प्रदर्शन गरे । देवकोटा आफूले हात हालेका हरेक क्षेत्रमा एक असल व्यक्तित्वका रूपमा चिनिए । उनका चेला आज पनि उनी जस्तो शिक्षक र प्राध्यापकसँग तुलनीय व्यक्ति भेट्न नसकेको कुरा गर्छन् । शिक्षामन्त्री हुँदा नेपाली भाषालाई पठनपाठनमा अनिवार्य विषयका रुपमा लागु गर्ने गराउने कार्यमा उनैको विशेष पहलकदमी रह्यो । तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको स्थापनामा सक्रिय संलग्न भएर संस्थागत रूपमा साहित्य र संस्कृतिको विकासको ढोका खोल्ने कार्यमा उनको योगदान चिरस्मरणीय रहेको छ ।*

*प्रश्न*

*(अ) देवकोटाले भाषा, संस्कृति, शिक्षा र साहित्यमा गरेका योगदानको चर्चा गर्नुहोस् ।*

प्रश्नले सङ्केत गरेको विषयवस्तु वा पाठको अंशलाई मूल आधार मान्ने, तर पनि समग्र पाठको विषयवस्तुमा आधारित भएर आफ्नो तर्कसहितको पुष्टि गरिएको उत्तरलाई उच्च मूल्याङ्कन गरिने, सन्दर्भमा आधारित लामो उत्तरको मूल्याङ्कनका लागि निम्नअनुसार अङ्क प्रदान गरिने :

(क) परिचय खण्ड (विधा, विषय प्रवेश) - १ अङ्क

(ख) विषयवस्तुको ज्ञान, विश्लेषण र निष्कर्ष - ३ अङ्क

(ग) प्रस्तुतीकरण शैली र मौलिकता - २ अङ्क

(घ) वाक्य गठन, भाषिक शुद्धता (वर्णविन्यास, लेख्य चिह्न तथा पदसङ्गति) - १ अङ्क

*२०. कुनै एक शीर्षकमा कम्तीमा १५० शब्दसम्मको निबन्ध लेख्नुहोस् : (७ अङ्क)*

*(क) मेरो जन्मभूमि*

*(ख)* *कृत्रिम बौद्धिकता : सम्भावना र चुनौती*

*(ग)* *प्राकृतिक स्रोतको उपयोगिता*

निबन्ध लेखनको मूल्याङ्कनका लागि निम्न पक्षमा ध्यान दिइने :

(क) शीर्षकको परिचय एवम् विषय प्रवेश - १ अङ्क

(ख) विषयवस्तुको ज्ञान, आदि, मध्य र अन्त्यको क्रमबद्ध संयोजन - २ अङ्क

(ग) प्रस्तुतीकरण, मौलिकता - २ अङ्क

(घ) निष्कर्ष पहिचान - १ अङ्क

(ङ) वाक्य गठन, भाषिक शुद्धता (वर्णविन्यास, लेख्य चिह्न तथा पदसङ्गति आदि) - १ अङ्क

समाप्त